**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १६ मार्च २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- निर्वाचन आयोगले पश्चिम बंगालमा ठूलो प्रशासनिक फेरबदलको आदेश दिएको छ। दुष्यंत नरियाला राज्यका नयाँ मुख्य सचिव हुनेछन।

- आयोगले पश्चिम बंगालका चार वरिष्ठ पुलिस अधिकारीहरूलाई तत्काल प्रभावबाट स्थान्तरण गरेको छ।

- भारतीय जनता पार्टीले आगामी पश्चिम बंगाल विधानसभा चुनावका लागि 144 उम्मीदवारहरुको आफ्नो पहिलो सूची जारी गरेको छ।

- उपराष्ट्रपति सी.पी. राधाकृष्णनले नेपालमा भएको बस दुर्घटना माथि गहिरो शोक व्यक्त गर्नुभएको छ जसमा तमिलनाडुका सात तीर्थयात्रिहरुको मृतु भएको थियो ।

- प्रवर्तन निदेशालय (ईडी) ले पश्चिम बंगालमा अवैध कल सेन्टरसँग सम्बन्धित प्रकरणमा फेरि ठूलो अभियान शुरु गरेको छ।

- जीटीए क्षेत्रको तीनवटा विधानसभा समष्टिको लागि आधिकारिक रूपमा प्रार्थीहरुको नामको घोषणा गरिएको छ।भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाद्वारा

**निर्वाचन आयोग -पश्चिम बंगाल फेरबदल**

निर्वाचन आयोगले **पश्चिम बंगालमा** विधानसभा चुनावको घोषणा पछि, राज्यका वरिष्ठ अधिकारीहरूको स्थान्तारणको घोषणा गरेको छ। आयोगले चुनाव तयारीहरुको समीक्षा गरेपछि यी निर्देशनहरू जारी गरिएको जनाएको छ। नन्दिनी चक्रवर्तीको स्थानमा दुष्यन्त नारियालालाई राज्यका मुख्य सचिव नियुक्त गरिएको छ।संघमित्रा घोषलाई पश्चिम बंगाल सरकारको गृह तथा पर्वतीय मामिलाको प्रधान सचिवको रूपमा नियुक्त गरिएको छ। स्थानांतरित अधिकारीहरुलाई चुनाव संपन्न न भएसम्म चुनाव संबंधी कुनै पनि पदमा तैनाथ गरिने छैन।

**निर्वाचन आयोग - पश्चिम बंगाल स्थान्तरण**

निर्वाचन आयोगले पश्चिम बंगालका **चार** वरिष्ठ पुलिस अधिकारीहरूलाई तत्काल प्रभावबाट स्थान्तरण गरेको छ। आयोगले राज्यका पुलिस महानिदेशक, सुधार सेवा मामिलाका महानिदेशक, कानून व्यवस्थाका अपर महानिदेशक र कोलकाता पुलिस आयुक्तको स्थान्तरणको आदेश दिएको छ। आयोगले 1992 ब्याचका आई पी एस अधिकारी सिद्धनाथ गुप्तालाई राज्यको नयाँ पुलिस महानिदेशकको रुपमा नियुक्त गरेको छ भने 1996 ब्याचका आई पी एस अधिकारी अजय कुमार नन्दलाई कोलकाता पुलिस आयुक्तको रुपमा नियुक्त गरिएको छ। 1991 ब्याचका आई पी एस अधिकारी एन. रमेश बाबुलाई सुधार सेवा मामिलाका महानिदेशकको रूपमा नियुक्त गरिएको छ भने 1995 ब्याचका आई पी एस अधिकारी अजय मुकुन्द रानाडेलाई कानून व्यवस्थाको अपर महानिदेशकको रूपमा नियुक्त गरिएको छ।

## **पश्चिम बंगालपुलिस अधिकारीहरूको स्थान्तरण**

पश्चिम बंगालमा विधानसभा चुनावको घोषणापछि, निर्वाचन आयोगले राज्यको प्रशासनिक र पुलिस तंत्रमाथि निगरानी अझ कडा बनाईरहेको छ। यस सम्बन्धमा, आयोगले राज्य पुलिसबाट हालै भएका पुलिस अधिकारीहरूको स्थान्तरणको विस्तृत रिपोर्टको माग गरेको छ।मुख्य निर्वाचन अधिकारी (सीईओ) को कार्यालयले राज्य पुलिसलाई पठाएको पत्रमा मार्च महिनामा भएका सबै पुलिस स्थान्तरण बारे जानकारी गराउन भनेको छ।आयोगले 28 फरवरी पछि स्तान्तरण भएका अधिकारीहरूको सूची र सम्बन्धित आधिकारिक आदेशहरूको प्रतिलिपि पनि पेश गर्न निर्देश दिएको छ।आयोगले कुनै पनि सेवानिवृत्त पुलिस अधिकारीहरूलाई कुनै पदमा नियुक्त गरिएको छ कि छैन भनेर पनि सोधेको छ। चुनाव अवधि प्रशासनिक व्यवस्थाको समीक्षा अन्तर्गत यी नियुक्तिहरूको विवरणको पनि माग गरिएको छ।यस अघि चुनाव कार्यक्रम घोषणा भएको एक दिनपछि, अतिरिक्त मुख्य निर्वाचन अधिकारीले अतिरिक्त प्रहरी महानिदेशक (कानून) र प्रदेश पुलिसका नोडल अधिकारीलाई पत्र लेखेर स्थान्तारणको पूर्ण विवरण मागेका थिए।एक अन्य निर्देशमा, आयोगले  ती पुलिस अधिकारीहरूको सूची पनि मागेको को छ जो पछिल्लो चुनावहरूमा अशान्तिको समयमा पुलिस चौकीहरमा प्रभारी थिए। यसमा 2021 को विधानसभा चुनाव पछि भएको हिंसा र 2024 को लोकसभा चुनाव अघि, र पछिका घटनाहरू पनि  उल्लेख गरिएको छ।

## **भाजपा पश्चिम बंगाल सूची**

भारतीय जनता पार्टीले आज पश्चिम बंगालमा विधानसभा चुनावको लागि 144 उम्मेदवारहरूको आफ्नो पहिलो सूची जारी गरेको छ।पार्टीले विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारीलाई मुख्यमंत्री ममता बनर्जी विरुद्ध नन्दीग्राम र भवानीपुरबाट उम्मेदवार बनाएको छ। आसनसोल दक्षिण सीटबाट निवर्तमान विधायक अग्निमित्रा पल फेरि चुनाव लड्नुहुनेछ।पूर्व लोकसभा सांसद दिलीप घोष खडगपुर सदरबाट र पूर्व राज्यसभा सांसद स्वपन दासगुप्ता रासबिहारीबाट चुनाव लड्नुहुनेछ।पूर्व क्रिकेटर तथा निवर्तमान विधायक अशोक डिन्डालाई मोयना सिटबाट फेरि उम्मेदवार बनाइएको छ। 294 सदस्यीय पश्चिम बंगाल विधानसभाको चुनाव आगमी महिनाको 23 र 29 तारिख दुई चरणमा हुनेछ। मतगणना 4 मईमा हुनेछ।

## **उपराष्ट्रपति - नेपाल दुर्घटना**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले नेपालमा भएको बस दुर्घटना माथि गहिरो  शोक व्यक्त गर्नुभएको छ जसमा तमिलनाडुका सात तीर्थयात्रिहरुको मृतु भएको थियो । सोशल मीडियामा एक पोस्टमा आज श्री राधाकृष्णनले  शोक संतप्त परिवारहरु प्रति आफ्नो संवेदना व्यक्त गर्नुभयो । उपराष्ट्रपतिले घाइते भएकाहरुको शीघ्र स्वस्थ लाभको कामना गर्नुभएको छ ।उहाले भन्नुभयो कि सरकारले सम्बन्धित अधिकारिहरु अनि नेपाल स्थित भारतीय दूतावाससित घाइतेहरुलाई सहायता गर्ने अनि मृतकहरुको पार्थिव शरीर फर्काई ल्याउने सहित सबै आवश्यक कदम उठाउने अनुरोध गरेको छ ।

## **एलपीजी संकट (राज्यसभा)**

देशमा लिक्विफाइड पेट्रोलियम ग्यास (एलपीजी) को उपलब्धता र मूल्यको मुद्दालाई लिएर आज राज्यसभामा सत्तापक्ष र प्रतिपक्षबीच तीखो भनाभेरी भयो ।राज्यसभामा विपक्षी दलका नेता एवं कांग्रेस अध्यक्ष मल्लार्जुन खरगेले पश्चिम एसियामा जारी संघर्षका कारण देशमा एलपीजी आपूर्ति प्रभावित भएको मुद्दा उठाउनुभयो। यसै क्रममा संसदीय कार्यमन्त्री किरेन रिजिजूले उहालाई बिचैमा रोकेपछि सदनको माहोल केही बेर तातिएको थियो। खरगेले भन्नुभयो - पश्चिम एसियामा जारी तनाउको कारण देशमा एलपीजी संकटको स्थिति सिर्जना भएको छ। भारतले आफ्नो कुल एलपीजी आवश्यकताको लगभग ६० प्रतिशत आयात गर्छ र त्यसको लगभग ९० प्रतिशत आपूर्ति होर्मुज स्ट्रेटको मार्गबाट हुन्छ। यस्तो अवस्थामा स्थिति बिग्रँदा देशका धेरै भागमा आम जनता, होटल, रेस्टुरेन्ट र होस्टलसहित विभिन्न क्षेत्रमा समस्या बढेको छ। पेट्रोलियम मन्त्रीले लोकसभामा देशमा एलपीजीको कुनै अभाव नरहेको दाबी गर्दै झुठो खबरहरुबाट बाच्ने आग्रह गर्नुभयो । राज्यसभामा सदनका नेता जगत प्रकाश नड्डाले, प्रतिपक्ष विशेष गरी कांग्रेसले विपत्तिको समयमा पनि राजनीति गरेको देख्दा दुःख लागेको बताउनुभयो । उहाले अन्तरराष्ट्रिय स्तरमा उत्पन्न भएको यो समस्या भारतको कारण नभएको र यस मुद्दामा पेट्रोलियम एवं प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले पहिले नै सदनमा विस्तृत जानकारी दिइसकेको बताउनु भयो । नड्डाले ग्यास सिलिन्डरको कालोबजारीको मामिलामा कांग्रेसका एक नेता पक्राउ परेको आरोप पनि लगाउनुभयो ।  यस्तो संकटको समयमा सबैले मिलेर देशको साथमा उभिनुपर्नेमा कांग्रेसले यस मुद्दामा राजनीति

गर्नु दुर्भाग्यपूर्ण रहेको बताउनुभयो ।

**मतुआ धर्म मेला**

केन्द्रिय गृहमन्त्री अमित शाहले मतुआ समुदायलाई मतुआ धर्म मेलाको अवसरमा शुभकामना दिनुभएको छ । यो मेला पूर्ण ब्रह्म हरिचन्द ठाकुरको 215औँ जन्मजयन्तीको अवसरमा आयोजना गरिएको हो। गृहमन्त्री शाहले एक्समार्फत आफ्नो सन्देशमा भन्नुभएको छ - पूर्ण ब्रह्म श्री श्री हरिचन्द ठाकुर एक दिव्य आत्मा थिए। उहाले भारतीय ज्ञान परम्पराको गहिराइलाई बुझ्दै भक्ति, समानता र नैतिक जीवनका सिद्धान्तहरू समाजका अगाडि प्रस्तुत गरेका थिए। यी सिद्धान्तहरू आज पनि समाजका लागि मार्गदर्शक बनेको उहाले बताउनुभयो । यस बर्ष उत्तर २४ परगनामा आयोजना भइरहेको मतुआ धर्म मेलाले यी मूल्यहरूप्रति समाजको प्रतिबद्धतालाई अझ बलियो  बनाउने उहाले अझ बताउनुभएको छ ।

**प्रवर्तन निदेशालय (ईडी**

प्रवर्तन निदेशालय (ईडी) ले पश्चिम बंगालमा अवैध कल सेन्टरसँग सम्बन्धित प्रकरणमा फेरि ठूलो अभियान शुरु गरेको छ। जाँच एजेन्सीको टोलीले आज बिहानदेखि राज्यका विभिन्न क्षेत्रमा छापामारी गरिरहेको छ।प्राप्त जानकारीअनुसार ईडीका टोलीहरूले सिलगढी, हावड़ा, विधाननगर र दुर्गापुरसहित कुल 10 स्थानमा तलाशी अभियान सञ्चालन गरिरहेका छन्। यो कार्यवाही अवैध कल सेन्टर सञ्जालसँग सम्बन्धित एक मुद्दाको अनुसन्धानको क्रममा गरिएको हो। जस-जसका ठेगानामा छापा मारिन्दैछ , तीमध्ये सुरश्री कर, सम्राट घोष, शुभजीत चक्रवर्ती लगायत अन्य व्यक्तिहरू रहेका छन्। सिलगढीको हाकिमपाड़ा क्षेत्रमा स्वपन घोषको घरमा पनि ईडी अधिकारीहरूले छापा मारेका छन्। जानकारी अनुसार, स्वपन घोष पेशाले सुन व्यवसायी हुन् र बिधान मार्केटमा उनको एक शोरूम पनि रहेको छ। ईडी स्रोतका अनुसार, छापामारीको क्रममा धेरै महत्त्वपूर्ण कागजपत्र अनि डिजिटल उपकरणहरूको जाँच भइरहेको छ। अधिकारीहरूले यसबाट अवैध कल सेन्टर सञ्जालको आर्थिक कारोबार र सञ्चालनसँग सम्बन्धित महत्त्वपूर्ण सुरागहरू प्राप्त हुन सक्ने आशंका व्यक्त गरेका छन्।हाल ईडीको कार्यवाही जारी रहेको छ र यस प्रकरणमा आगामी दिनहरुमा अझ  खुलासा हुन सक्ने अनुमान गरिएको छ।

**दार्जिलिङका जिल्लापाल**

चुनाव आयोगले पश्चिम बंगाल विधान सभा चुनाव २०२६ को घोषणा गरेपछि दार्जिलिङका जिल्लापाल सुनिल अग्रवालले पत्रकार सम्मेलन गर्दै चुनावी कार्यक्रमबारे जानकारी दिनुभएको छ । उहाले नामाङ्कन दर्ता, मतदान तथा मतगणनाको मितिबारे जानकारी दिँदै चुनावी अवधिभरि सबै गतिविधिहरू चुनाव आयोगको निगरानीमा रहने बताउनु भयो। विशेषगरी मिडियाले प्रचार–प्रसार गर्ने समाचार र सामग्रीहरू पनि आयोगको निगरानीमा रहने उहाले बताउनुभयो । जिल्लापाल अग्रवालले चुनावलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सबै राजनीतिक दल, मिडिया र सर्वसाधारणलाई सहकार्य गर्न आग्रह गर्दै क्षेत्रमा शान्ति कायम राख्न विशेष ध्यान दिनुपर्ने बिषय माथि जोड दिनुभयो ।

**भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा -प्रार्थी घोषणा**

बिधानसभा चुनावको घोषणा हुन्साथै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाद्वारा जीटीए क्षेत्रको तीनवटा विधानसभा समष्टिको लागि आधिकारिक रूपमा प्रार्थी घोषणा गरिएको । चुनाव घोषणा हुन अघि नै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले दार्जिलिङ , कालेबुङ र खरसाङ विधानसभा समष्टिको लागि तीनजनाको नाम चयन गरिसकेको भए पनि आधिकारिक घोषणा भने गरेको थिएन। तर चुनावको मिति घोषणा हुनासाथै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष अनित थापाले प्रेस विज्ञप्ति जारी गर्दै तीनजना उम्मेदवारहरुको नाम आधिकारिक रूपमा घोषणा गरेका छन्। यसमा २२-कालिम्पोङ विधानसभा समष्टिःबाट श्री रूदेन सादा लेप्चा,२३-दार्जीलिङ विधानसभा समष्टिःबाट श्री विजय कुमार राई र २४-खरसाङ विधानसभा समष्टिःबाट श्री अमर लामा रहेका छन्।

**सिलगढ़ी- चुनाउ प्रचार**

चुनाउ कार्यक्रमको घोषणा हुनसाथै राज्यभरि नै व्यापक रूपमा चुनाउ प्रचार शुरू भएको छ। यसै क्रममा आज बिहानदेखि सिलगढ़ीका विभिन्न क्षेत्रहरूमा भाजपा कार्यकर्ता अनि समर्थकहरूको पनि सक्रियता देख्न पाइयो। शहरमा भाजपाद्वारा भित्ते लेखन अभियान शुरू गरियो जहाँ पार्टीको झण्डा हातमा बोकेका कार्यकर्ताहरूले नारा लगाउँदै प्रचार गरे । यस भित्ते लेखन कार्यक्रममा सिलगढ़ीका वर्तमान भाजपा विधायक शंकर घोष पनि उपस्थित थिए। उहाको उपस्थितिले कार्यकर्ता अनि समर्थकहरूमा उत्साह अझ थपिएको देखियो। तथापि अहिलेसम्म सम्बन्धित सीटमा उम्मेद्वार घोषणा भएको छैन। विधायक शंकर घोषले भन्नुभयो- राज्यका मानिसहरू अब परिवर्तन चाहन्छन्। चाँड़ै नै पार्टीले उम्मेद्वारहरूको नाम घोषणा गर्ने उहाले अझ बताउनुभयो।

**अस्थायी कर्मचारी - पत्रकार सम्मेलन**

दार्जिलिङ जिल्ला अस्पतालका म्यानुअल कन्टिन्जेन्सी तथा अस्थायी कर्मचारीहरूले आज पत्रकार सम्मेलन गरी जारी धर्ना कार्यक्रम अन्त्य गर्ने घोषणा गरेका छन्। कर्मचारीहरूले जीटीए प्रमुख कार्यकारी अनित थापासँग भएको बैठकपछि उनीबाट सकारात्मक आश्वासन प्राप्त भएकोले धर्ना कार्यक्रम स्थगित गर्ने निर्णय गरिएको जानकारी दिएका छन्। उनीहरू लामो समयदेखि दार्जिलिङ जिल्ला अस्पतालमा कार्यरत कन्टिन्जेन्सी कर्मचारीहरूलाई आधिकारिक पे–ब्यान्ड वा पेरोल प्रणालीमा समावेश गरिनुपर्ने माग गर्दै आन्दोलनरत थिए।पत्रकार सम्मेलनमा बोल्दै कन्टिन्जेन्सी कामदार एलिना प्रधानले जीटीए प्रमुख कार्यकारीसँग भएको छलफलपछि आन्दोलन हालका लागि अन्त्य गरिएको बताउनु भयो ।

**मौसम**

मौसम विभागले उत्तर बंगालका जिल्लाहरूमा भारी वर्षा जारी रहने संभावना व्यक्त गरेको छ। यता दार्जीलिङ पहाड़मा आज अपरान्ह देखि चलेको हुरी बतासले जनजीवन अस्तव्यस्त बनायो। हावापानी र विशेष गरी हुरी बतासका कारण रूखहरू लड़ेको र कतिपय घरहरूको छानो उड़ाएर लगेको रिर्पोटमा प्राप्त भईरहेको छ।

**युवक पक्राउ**

सिलगढीको नक्सलबारी पुलिसले एक किलोग्रामभन्दा बढी ब्राउन सुगरसित एक युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्ने व्यक्तिको पहिचान मालदा जिल्लाको वैष्णवनगर निवासी 27 वर्षीय अबुल कासिमको रूपमा गरिएको छ। जानकारी अनुसार, युवक हिजो राति मालदा देखि रेलबाट नक्सलबारी आएको थियो। लागूऔषध बरामद भएपछि पुलिसले लागूऔषध ओसारपसारको आरोपमा आरोपी युवकलाई पक्राउ गरेको हो। प्राथमिक जांचमा यो पत्तो लागेको छ कि त्यस युवकले मालदाबाट लागू औषध ल्याएर सीमा क्षेत्रमा पुऱ्याउने उद्देश्यमा उ नक्सलबारी आएको थियो।नक्सलबारी पुलिसले थप जाँच सुरु गरेको छ।

**********